





गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

# प्रदेश जनस्वास्थ्य कार्यालय


कुश्मा, पर्वत, नेपाल

# HIV (एचआइभी) के हो ?

H एच = (Human) मानिस

I आई. = (Immuno deficiency) प्रतिरक्षा शक्तिमा कमि हुनु

V भी. = (Virus) जीवाणु



# AIDS एड्स भनेको के हो ?

A = **Acquired** आर्जित


I = **Immuno** प्रतिरक्षा शक्ति

D = **Deficiency** कमी हुनु

S = **Syndrome** विभिन्न रोगका लक्षणहरु जुन एच् आइ भी ले निम्त्याउछ

# HIV भनेको के हो ?

- HIV एउटा भाईरस हो, यो मानिसको शरिरमा प्रवेश गर्यो भने त्यो व्यक्ति लाई एचआईभि संक्रमण भएको भनिन्छ ।



- एचआईभि संक्रमण हुँदैमा रोग भनिहाल्न मिल्दैन, समय मै संक्रमण पत्ता लगाई उपचार गरिएन भने यो भाईरसले रोगसंग लड्ने क्षमतामा ह्रास ल्याउँछ र विभिन्न अवसरवादी संक्रमणहरुले रोग लगाउन सक्छन् । अवशरवादि रोगका लक्षण तथा चिन्हहरु देखा परेमा मात्र यसलाई एड्स भनिन्छ ।

एचआईभि संक्रमण एउटा दीर्घरुपमा रहने र व्यवस्थापन गर्न सकिने अवस्था हो ।

# HIV AIDS को आधारभूत जानकारी

- **HIV : Human Immunodeficiency Virus**
- HIV ले शरीरको संक्रमण तथा रोगसँग लड्ने क्षमता (Immune system) मा कमी ल्याउछ ।
- **HIV ले रोगसँग लड्ने क्षमता लाई कमजोर बनाएपछि संक्रमित व्यक्तिमा बिभिन्न रोगहरु र अन्य संक्रमणहरु देखा पर्दछ र त्यस अवस्थालाई नै AIDS भनिन्छ ।**
- HIV को उपचार नगरिएको खण्डमा यसबाट संक्रमित भए पछी AIDS को अवस्थासम्म पुग्न कसैलाई केही महिना लाग्न सक्छ भने कसैलाई वर्षौं बर्ष पनि लाग्न सक्छ ।
- सामान्यतया HIV भएको १० देखि १५ वर्ष सम्ममा AIDS देखा पर्छ ।
- HIV को उपचार (ART) उपलब्ध भएदेखि HIV एक दीर्घकालीन तथा व्यवस्थापन गर्न सकिने अवस्थामा परिणत भएको छ ।

# के HIV र AIDS मा भिन्नता छ ?

छ ,

प्राय बोलि चालिमा एच.आई.भी. र एड्सलाई सँग सँगै उच्चारण गरेता पनि यसमा भिन्नता छ ।

एच.आई.भी. एउटा भाईरस हो, जसले मानिसको रोग सँग लड्न सक्ने शक्तिलाई ह्रास गरिदिन्छ ।

त्यसै गरि, एड्स भन्नाले शरिरको रोग सँग लड्ने शक्तिमा कमि भई विभिन्न रोगहरुको लक्षण देखा पर्ने एउटा अवस्था हो ।

एच्.आई.भी. संक्रमित व्यक्तिमा धेरै समय पछि एड्सको अवस्था देखा पर्दछ । यसलाई केही महिना देखि १५ बर्ष भन्दा धेरै समय पनि लाग्न सक्छ ।

# एच.आई.भी. कसरी सर्दछ ? (Mode of Transmission)

एच.आई.भी. संक्रमण मुख्य गरेर ३ वटा माध्यमबाट सर्दछ ।

| असुरक्षित यौन सम्पर्कबाट | संक्रमित रगत वा रगत जन्य पर्दाथबाट | संक्रमित आमाबाट बच्चामा |
|---|---|---|
|  |   |  |

# HIV सर्ने माध्यमहरु तिन वटा मात्र छन्

- **असुरक्षित यौनसम्पर्क**

असुरक्षित यौनसम्पर्क भन्नाले योनी मैथुन, गुदा मैथुन र मुख मैथुन लाई जनाउछ । नेपालमा सबैभन्दा बढी HIV विपरीतलिंगी संगको यौन सम्पर्कबाट सरेको पाइएको छ ।

- **रगत र रगतजन्य पदार्थको सम्पर्क**

संक्रमित रगत लिंदा, सुइ साटासाट गरी लागु औषधी प्रयोग गर्दा, स्वास्थ्य सेवा प्रदान गर्दा सुई तथा धारिलो औजारले चोटपटक लागेमा, धार्मिक र टाटु बनाउने जस्ता गतिबिधिको क्रममा छाला छेडने र काट्ने धारिलो सामानहरु पुनः प्रयोग गरेमा, संक्रमित व्यक्तिको अंग प्रत्यारोपण गरेमा ।

- **संक्रमित आमाबाट बच्चामा**

गर्भावस्थामा, प्रसव, प्रसुति र स्तनपान को बेलामा

# निम्न लिखित कार्यहरु गर्दा HIV सर्दैन जसमा धेरै मानिसहरु झुक्किने गर्दछन्

- खोक्दा वा हाछ्यिु गर्दा ।
- छुदा वा अंगालो हाल्दा ।
- चुम्बन गर्दा, हात मिलाउदा ।
- HIV संक्रमित व्यक्तिसँग काम गर्दा वा स्कूल जादा ।
- कप, ग्लास, प्लेट, अन्य भाडाकुडा शेयर गर्दा ।
- लाम्खुट्टे लगायत अन्य किराले टोक्दा ।
- फोन प्रयोग गर्दा ।
- सार्वजनिक सौचालय, नदी आदि प्रयोग गर्दा ।
- खाना वा पानी सँगै खाँदा

# एचआइभीको रोकथाम कसरी गर्ने ? (Prevention)

## "ABC": एच्.आई.भी. प्राथमिक रोकथाम रणनीति

- A = Abstain (अलग रहनु)
- B = Be faithful to one partner (श्रीमान श्रीमती विच ईमान्दार हुनु)

  यसलाई "Mutual Faithfulness" वा "Mutual Monogamy" पनि भनिन्छ ।

- C = Use Condoms correctly and consistently (every time)

  (कन्डमको सही र सधैं प्रयोग)




# एचआइभीको रोकथाम कसरी गर्ने ? (Prevention)

Cont..

- यदि एकजना बिश्वासिलो यौन साथी भन्दा बाहेक अरुसंग यौनसम्पर्क गर्नै पर्ने अवस्था आएमा हरेक पटकको यौनसम्पर्कमा सही तरीकाले कण्डमको प्रयोग गर्नुहोस् ।
- सधैं नयाँ सूइ सिरीन्ज, छाला छेड्ने तथा काट्ने औजारहरु मात्र प्रयोग गर्नुहोस् ।
- एचआइभी संक्रमित नभएको रगत तथा रगतबाट बेनेको पदार्थहरु, शरीरका अंग तथा तन्तुहरु मात्र प्रयोग गर्नुहोस् ।
- एचआइभी संक्रमित महिला गर्भवती हुन चाहेमा स्वास्थ्यकर्मीसंग सल्लाह लिनुहोस् ।

# नेपालमा एचआइभीको उच्च जोखिममा रहेका समूहहरु



महिला यौनकर्मीहरु र तिनका ग्राहक



सूईबाट लागु औषध प्रयोगकर्ताहरु



समलिगीं पुरुषहरु



तेस्रोलिगीं



आप्रवासी कामदार र उनीहरुका परिवार



जेलमा भएका व्यक्तिहरु

# अवसरवादी संक्रमण (Opportunistic infection (OI)

अवसरवादी संक्रमण (OI) एउटा रोग हो जुन एउटा किटाणुले गर्दा लाग्छ जस्ले स्वस्थ व्यक्तिमा रोग निम्त्याउन नसक्ला तर कमजोर भएको व्यक्तिमा रोग निम्त्याउछ।


- Advanced एच्.आई.भी. संक्रमणसँग बाचेँका व्यक्तिहरुमा मस्तिष्क, आँखा, फोक्सो, पेट र अरु अङ्गहरुको OIs देखिन सक्छ ।
- एड्स भएका व्यक्तिमा देखिने OIs.
  - Tuberculosis
  - *Pneumocystis* pneumonia (PCP)
  - Cryptosporidiosis
  - Other parasitic, viral, fungal infections
  - Some cancers

# अवसरवाद संक्रमण (Opportunistic infection -OI)

अवसरबादी संक्रमणहरु (OIs) यस्ता रोगहरु हुन् जुन सामान्य अबस्थामा हुँदैन, तर शरीरको रोग बिरुद्ध लड्ने क्षमाताामा कमि भएको अबस्थामा हुन्छ

(यस्ता रोग गराउने किटाणु/जीवाणुहरु सामान्यतया हाम्रो शरीरमा सुसुप्त अबस्थामा रहेका हुन्छन)

| | |
|---|---|
| **Brain** | *Toxoplasmosis*<br>*Cryptococcal meningititis* |
| **Eyes** | *Cytomegalovirus (CMV)* |
| **Mouth and Throat** | *Oral Candidiasis* |
| **Lungs** | *Pneumocystis pneumonia (PCP)* |
| **Gut** | *Cryptosporidiosis* |
| **Genitals** | *Herpes Simplex Virus (HSV)*<br>*Vaginal Candidiasis* |
| **Skin** | *Herpes Zoster* |



# एचआईभीको सन् २०२४ सम्मको विश्वव्यापी अवस्था

- विश्वमा सन् १९८१ मा पहिलो एचआईभी संक्रमित रिपोर्ट भएदेखि सन् २०२४ को अन्त्य सम्म ९ करोड १४ लाख व्यक्तिहरु एचआईभीबाट संक्रमित भइ सकेका छन् र त्यसैगरि ४ करोड ४१ लाख व्यक्तिहरुको एड्सको कारणले मृत्यु भइसकेको छ ।
- सन् २०२४ को अन्त्यसम्म संसारमा ४ करोड ८ लाख व्यक्तिहरुमा एचआईभी संक्रमण रहेको अनुमान छ ।
- सन् २०२४ मा १३ लाख नयाँ संक्रमण भएको अनुमान गरिएको छ जुन सन् १९९६ को तुलनामा ६१ प्रतिशतले घटेको छ।
- सन् २०२४ मा १ लाख २० हजार बालबालिकाहरुमा नयाँ संक्रमण भएको अनुमान गरिएको छ। जुन सन् २०१० को तुलनामा ६२ प्रतिशतले घटेको छ ।
- सन् २०१० मा ३ लाख १० हजार वालवालिकाहरुमा नयाँ संक्रमण भएको अनुमान थियो । सन् २०२४ मा मात्रै करीब ६ लाख ३० हजार व्यक्तिहरुको एड्सको कारणले मृत्यु भएको अनुमान छ, जुन सन् २०१० को तुलनामा ५४ प्रतिशतले कम हो ।

# एचआईभीको सन् २०२४ सम्मको विश्वव्यापी अवस्था

- सन् २०२४ सम्ममा कुल एचआईभी संक्रमित ४ करोड ८ लाख मध्ये ७७ प्रतिशत (३ करोड १६ लाख मात्र एन्टीरेट्रोभाईरल (एआरभी) उपचारमा छन्। विश्वमा हरेक दिन ३६०० मानिसहरु एचआईभी संक्रमित हुन्छन् ।

- दिगो विकास लक्ष्यः सन् २०३० सम्ममा एड्सको महामारीलाई अन्त्य गर्ने लक्ष्यलाई हासिल गर्न ९५-९५-९५ [अर्थात ९५ प्रतिशत एचआईभी संक्रमितहरुले आफ्नो संक्रमण अवस्थाबारे थाहा पाउने, ती मध्ये ९५ प्रतिशतको औषधि उपचारमा पहुँच हुने र ती औषधि खानेहरु मध्ये ९५ प्रतिशतको शरीरमा भाइरसको भार (भाइरल लोड) न्यून भएको हुने] र एचआईभीको जाँच र उपचारको रणनितिमा आधारित भएर एचआईभी तथा एड्स सम्बन्धि कार्यक्रमहरु संचालन भइरहेको छन्।

# नेपालमा HIV को स्थिती

- **नेपालमा पहिलो एचआईभी संक्रमित व्यक्ति सन् १९८८ मा पहिचान गरिएको थियो ।**
- नेपालमा HIV को माहामारी मुलत: असुरक्षित यौन सम्पर्कबाट फैलिएको छ, अनुमानित संक्रमणहरुमध्ये **८५ प्रतिशत भन्दा बढी असुरक्षित यौन सम्पर्कको माध्यम** बाट सरेको हो । विपरीतलिंगी प्रसारण प्रमुख (Heterosexual Transmission)
- नेपालको बर्तमान HIV को अवस्थालाई **केन्द्रीकृत महामारी (Concentrated Epidemic)** को रुपमा परिभाषित गरिन्छ । (*सामान्य जनसंख्यामा HIV संक्रमण दर १ प्रतिशत भन्दा कम; जोखिममा रहेका समूहमध्ये कुनै एक समूहमा HIV संक्रमण दर ५ प्रतिशत भन्दा बढी*)

**सुईद्वारा लागू पदार्थ प्रयोग गर्नेहरु र पुरुष समलिंगी यौनकर्मीहरुमा एचआईभी संक्रमणको दर अरु जोखिममा रहेका समूह भन्दा उच्च छ ।**

उच्च जोखिममा रहेका समुहहरु:

- सुईद्वारा लागुपदार्थ सेवन गर्ने मान्छेहरु
- यौन कर्मीहरु र ग्राहकहरु ( महिला र पुरुष)
- तेस्रो लिंगी जनसंख्या
- समलैंगिक पुरुष
- प्रवासी तथा गतिशील जनसंख्या


कुल एच्.आई.भी. **Prevalence-<१%**

# नेपालमा HIV को स्थिती

## नेपालमा एचआईभी महामारीको प्रकार र जोखिम समूह

- नेपालको वर्तमान एचआईभीको अवस्थालाई केन्द्रिकृत महामारी (अर्थात concentrated epidemic) को रुपमा परिभाषित गरिन्छ। यसको अर्थ एक वा सो भन्दा बढी एचआईभी सर्न सक्ने जोखिममा रहेका समूहमा एचआईभी संक्रमण दर ५ प्रतिशत भन्दा बढी तर सामान्य जनसंख्यामा वा पूर्व प्रसुति सेवा लिएका गर्भवती महिलाहरुमा एचआईभी संक्रमण दर १ प्रतिशत भन्दा कम हुनु हो।
- नेपालमा एचआईभी संक्रमणको उच्च जोखिममा रहेका समूहहरु सुईद्वारा लागूपदार्थ प्रयोग गर्नेहरु, यौनकर्मीहरु, कारागारमा रहेका कैदी बन्दीहरु, पुरुष समलिंगीहरु तथा तेस्रोलिंगीहरु र रोजगारीका लागि विदेशिनेहरु हुन्। यी मध्य सुईद्वारा लागूपदार्थ प्रयोग गर्नेहरु र पुरुष समलिंगी यौनकर्मीहरुमा संक्रमणदर अरु जोखिम समूह भन्दा उच्च छ।

**चित्र नम्बर ८. नेपालमा ९५-९५-९५ लक्ष्यहरूको वर्तमान अवस्था, सन् २०२४**





Source: Global AIDS Monitoring Reporting, 2025

- सन् २०२० मा सम्पन्न राष्ट्रिय सर्वेक्षण अनुसार नेपालमा सुईद्वारा लागू पदार्थ प्रयोग गर्नेहरुमा ३ प्रतिशतका दरले एचआईभीको संक्रमण रहेको पाइएको छ। यसै गरी सन् २०१७/२०१८ मा भएका सर्वेक्षणहरु अनुसार महिला यौनकर्मीहरुमा २.२ प्रतिशत र पुरुष समलिंगीहरुमा ६.२ प्रतिशतका दरले एचआईभीको संक्रमण रहेको पाइएको छ। सन् २०२४ मा सम्पन्न राष्ट्रिय सर्वेक्षण अनुसार भारतमा काम गर्न जाने नेपाली कामदारहरुमा एचआईभीको संक्रमण ०.२ प्रतिशत रहेको पाइएको छ।


# नेपालमा एचआईभी महामारीको अनुमानित स्थिति २०२४

3 विश्व र नेपालमा एचआईभी र एड्सको अवस्थाको एक झलक

चित्र नम्बर ६. नेपालमा नयाँ एचआईभी संक्रमण संख्या, २०००-२०२४





चित्र नम्बर ७. नेपालमा एड्स सम्बन्धी मृत्युको संख्या, २०००-२०२४



# New HIV Infection in Nepal [decreasing trend]


Figure 1.1 Number of new HIV infections in Nepal, 2000-2024




Source: UNAIDS Estimates, 2025. Website: https://aidsinfo.unaids.org/

# AIDS Deaths in Nepal [decreasing trend]


**Figure 1.2 Number of AIDS Deaths in Nepal, 2000-2024**




Source: UNAIDS Estimates, 2025. Website: https://aidsinfo.unaids.org/

# HIV उपचार - २०८१।८२

Figure 3.1 People on ART by Province as of FY 2081/82




Source: HMIS/DHIS2 Routine program data, FY 2081/82.

# राम्रा उपलब्धिहरु

- नेपालका सवै जिल्लाहरुमा एचआईभि जाँच तथा उपचार सेवा नि:शुल्क रहेको ।
- नेपालमा सन् २०१७ देखि एचआईभिको उपचार सवै संत्रमितका लागि सवै जिल्लावाट नि:शुल्क उपलब्ध ।
- सवैलाई उपचारको पहुँचका कारण र नियमित औषधि सेवनले गर्दा शरिरमा भाईरसको संख्या कम भै, सर्नेदर कम भै, नयाँ एचआईभि संक्रमितहरुको संख्या घट्दै गएको ।
- राम्रो उपचारका कारण एचआईभि संक्रमितहरुको मुत्युदर कम हुँदै गएको ।
- एचआईभि उपचारका लागि अत्यन्त प्रभावकारी र सुरक्षित औषधिहरु पत्ता लागि उपचारमा सहजता आएको ।

# मुख्य समस्याहरु

- अझै पनि लाञ्छना तथा भेदवावका कारण एचआईभि संक्रमितहरु नखुल्ने गरेकाले जाँच तथा उपचारमा आउन नसकेको ।
- अति विपन्न एचआईभि संक्रमितहरुका लागि विशेष सहयोग पुराउन नसकिएको ।
- एचआईभि संक्रमणका कारण आमा तथा वाबु गुमाएका टुहुरा वच्चाहरुका लागि विशेष सहयोग पुराउन नसकिएको ।

# एचआईभि संक्रमितहरुका लागि गण्डकी प्रदेशमा भएका एआरटि १० वटा उपचार केन्द्रहरु

- धौलागिरी असपताल वाग्लुङ्ग ।
- वेनी असपताल म्याग्दी ।
- पर्वत असपताल कश्मा पर्वत ।
- पश्चिमाञ्चल क्षेत्रिय असपताल पोखरा (गण्डकी असपताल) ।
- वालिङ्ग प्राथमित स्वास्थ्य केन्द्र वालिङ्ग स्याङ्गजा ।
- स्याङ्गजा जिल्ला असपताल स्याङ्गजा ।
- दमौलि असपताल तनहुँ ।
- लम्जुङ्ग असपताल लम्जुङ्ग ।
- गोरखा असपताल गोरखा ।
- चोरमारा प्रा.स्वा.के. नवलपरासि वर्दघाट सुस्ता पुर्व ।

# विद्यार्थिहरुको भमिका

- घर तथा समदायमा एचआईभि संवन्धि जनचेतना वढाउने र जोखिममा रहेकाहरु लाई समय मै नि:शुल्क जाँच गरि संक्रमण पत्ता लागेमा उपचार छ है भन्ने ।
- एचआईभि सर्ने माध्यम तिनवटा मात्र रहेको जानकारी गराउँदै लाञ्छना तथा भेदभाव गर्न नहुने शन्देश प्रवाह गर्ने ।
- एचआईभिको औषधि रहेको र यसको नि:शुल्क उपचार हुने ठाउँहरुवारे जानकारी दिने ।
- स्थानीय सरकारहरुवाट एचआईभि संक्रमित वालवालिका तथा अन्य विपन्न समुदायका संक्रमितहरुका लागि आवश्यक सहयोगका लागि वकालत गर्ने ।

# धन्यवाद